# स्थानीय निकाय केन्द्रीय समन्वय समिति

(गाउँ विकास समिति राष्ट्रिय महासंघ नेपाल, नेपाल नगरपालिका संघ र जिल्ला विकास समिति महासंघ नेपाल)

## संयुक्त प्रेस विज्ञप्ती

मितिः २०६९/२/३

२०६९ साल जेठ २ गते राजनीतिक दलहरुबीच भएको समझदारीले संविधान निर्माण कार्यले गति लिने विश्वास स्थानीय निकायका संघ तथा महासंघहरुले लिएकाछौं र यस विषयप्रति हाम्रो ध्यानाकर्षण भएकोछ ।

१. उक्त सहमतिको खण्ड ग को ५ मा "स्थानीय सरकारको गठन कानुनमा व्यवस्था भए बमोजिम हुनेछ" भन्ने बिषय प्रकाशित भएकोमास्थानीय जनतालाई अधिकार र स्वशासनको अधिकारबाट बञ्चित गर्ने र प्रदेश वा संघको निगाहका इकाई बनाउने सोँच र समझदारीप्रति हामी असहमति व्यक्त गर्दछौं । यस्तो समझदारीले देशलाई अन्तहीन द्वन्द्वमा फसाउने बाहेक जनताको हित गर्दैन । अतः स्थानीय सरकारको संघीय संविधानमा छुट्टै परिच्छेद राखी अनिवार्य व्यवस्था गरियोस् ।

२. राज्य पुनसंरचना भनेको स्थानीय सरकारहरु समेतको पुनसंरचना गर्ने विषय भएको हुँदा प्रदेशको सीमाना र संख्यामा मात्र सीमित रहनेगरी सीमाना निर्धारण आयोग गठन गर्ने राजीनतिक समझदारी सच्याईयोस् । स्थानीय सरकारको सीमाना र संख्या निर्धारणका लागि स्थानीय सरकारको पुनसंरचना आयोग समेत गठन गरियोस् ।

३. वि.सं. २०६९ सालभित्र राष्ट्रपति र संघीय विधायिकाको निर्वाचन गर्ने भन्ने राजनीतिक सहमतिको स्वागत गर्दै जनताले एक दशकदेखि माग गरिरहेको स्थानीय सरकारको निर्वाचनका बिषयमा उल्लेखसम्म नहुनुले राजनीतिक नेतृत्व जनताका सुखदुख, सेवा सुविधा र स्थानीय तहका राजनीतिक नेतृत्वलाई जिम्मेवारी दिनुपर्ने कुराप्रति गम्भीर नभएको देखिन्छ । अतः संघीय विधायिकाको निर्वाचन अगावै स्थानीय सरकारको अन्तरिम निर्वाचन गरियोस् ।

| | | |
|---|---|---|
| महिन लिम्बु | डोरमणी पौडेल | ऋषिराज लुम्साली |
| अध्यक्ष | अध्यक्ष | अध्यक्ष |
| गाउँ विकास समिति राष्ट्रिय महासंघ नेपाल | नेपाल नगरपालिका संघ | जिल्ला विकास समिति महासंघ नेपाल |